## जिल्ला विकास समितिको कार्यालय, धनकुटा,

## लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण

# प्रतिवेदन

२०७३

लैससास परीक्षक

विदुर सुवेदी, डाँडाबजार २, धनकुटा

सम्पर्क : धनकुटा ७

जिल्ला विकास समितिको कार्यालय, धनकुटा,

## लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण

# प्रतिवेदन

२०७३


परीक्षक

विदुर सुवेदी,

डाँडाबजार २, धनकुटा

सम्पर्क धनकुटा ७

फोन नं. ९८५२०६०७९७

इमेल : subedibg@gmail.com


प्रतिवेदन मिति : २०७३ असोज ५ गते ।

# दुई शब्द

नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरुलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकता दिईएको छ । यसै कार्यलाई स्थानिय  तहमा कार्यान्वयन गर्न महिला तथा बञ्चितीकरणमा परेका वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकास गर्न संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयले धेरै प्रयासहरु गर्दै आएको छ । मन्त्रालयले नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक  समावेशीकण नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगवाट संचालन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति २०६६ तयार गरि स्थानिय निकायहरुमा कार्यान्वयन गर्दै आईरहेको छ ।

जिल्ला विकास समितिको कार्यालयले लैंगिक तथा सामाजिक समावेशी वजेट परीक्षणकार्यको जिम्मेवारी हामीलाई दिएको छ । यो परीक्षण स्थानीय निकाय लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका २०६८ बमोजिम गरिएको छ । परीक्षणका जम्मा ८ मुख्य सूचक र हरेकका ३ उप सूचक रहेका छन् । उक्त सूचकहरुलाई पुष्टी गर्ने हरेक उपसूचकका अन्य चार चार सहायक सूचकहरु रहेका छन् । परीक्षणकार्यमा जिविसका कर्मचारीहरुले आ आफ्ना दृष्टिकोण र बुझाइका आधारमा हरेक सहायक सूचकहरुमा अंक दिनु भएको छ । उक्त अंकका आधारमा माकुरे चित्र, सबल तथा सुधार गर्नुपर्ने पक्षहरु, परीक्षणबाट आएका मुख्य प्राप्तीहरु र कार्य योजना निर्माण गरिएको छ । जिविसको लैंगिक वजेट परीक्षण गर्दा सुशासन तथा आन्तरिक संरचनामा सब भन्दा राम्रो अवस्था देखिएको छ भने नेपाल सरकारका लैंगिक समानता तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयनमा अझै धेरै काम गर्नु  पर्ने देखिन्छ ।

यो परीक्षणले स्थानीय निकायलाई लैंगिक तथा सामाजिक समावेशी योजना तर्जूमा गर्न र सो को कार्यान्वयन गर्न सहयोगी भूमिका निर्वाह गर्नेछ भन्नेमा विश्वास गर्न सकिन्छ ।

जिविसको कार्यालयले लैंगिक तथा सामाजिक समावेशी वजेट विश्लेषण तथा परीक्षण गर्ने जिम्मेवारी दिएको छ । प्रारम्भिक प्रतिवेदनमा आफ्ना सुझाव तथा सल्लाह दिएर प्रतिवेदनलाई परिस्कृत बनाउन सहयोग गरेको छ । यस अवसरमा स्थानीय विकास अधिकारी श्री गणेशप्रसाद दाहाल प्रति हार्दिक आभार प्रकट गर्दछु । परीक्षण कार्यमा सुझाब तथा सल्लाह दिनुहुने र छलफल संयोजन गर्नुहुने जिविसको कार्यालयका वरिष्ठ कार्यक्रम अधिकृत श्री सीताराम गौतम र परीक्षण कार्यमा संलग्न भएर सहयोग गर्नुहुने समग्र जिविसको कार्यालयका कर्मचारी परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

साथै प्रतिवेदनलाई अझ परिष्कृत र विशिष्ट बनाउन आवश्यक सकारात्मक सुझावहरुको समेत अपेक्षा गर्दछु ।

लैससास बजेट परीक्षक
विदुर सुवेदी

# विषय सूची


दुई शब्द ........................................................................................................३

विषय सूची ...................................................................................................... ४

१.१ पृष्ठभूमि ...................................................................................................... ५

१.२ उद्देश्य : ...................................................................................................... ५

१.३ कार्यसम्पादन तालिका : ...................................................................................... ५

१.४ परीक्षण विधि : ............................................................................................... ५

२.१ लैगिंक उत्तरदायी तथा सामाजिक समावेशी बजेट मापनका प्रमुख सूचक र उपसूचकहरू ...६

३.२ अंकभार र प्राप्तांकको सारांश...........................................................................१२

३.३ लैङ्गिक उत्तरदायी तथा समावेशी कार्यक्रम र बजेटको विश्लेषण ............................१२

३.१ लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण तालिका ........................१४

३.२ प्राप्तीको सारांश ...............................................................................................२०

३.३ माकुरे चित्र.......................................................................................................२०

३.४ सबल पक्ष तथा सुधार गर्नुपर्ने क्षेत्रहरु ............................................................ २१

३.५ लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षणबाट आएका प्रमुख प्राप्तीहरु ..........२९

३.७ लैंगिक तथा सामाजिक समावेशी विकास कार्ययोजना...................................... ३३

भाग १

## १.१ पृष्ठभूमि

लैंससास नीति २०६६ र लैससास बजेट तर्जुमा तथा परीक्षण निर्देशिका २०६८ अनुसार स्थानीय निकायहरुले लैंगिक तथा सामाजिक समावेशीकरण बजेट तर्जुमा र बजेट परीक्षण गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ । स्थानीय निकायको कार्यसम्पादन मापनको समेत आधार भएकोले लैससास बजेट तर्जुमा तथा परीक्षण गराउनु स्थानीय निकायको दायित्वको रुपमा रहेको छ । यसै सन्दर्भमा जिविसको कार्यालय धनकुटाले आ.व. २०७२/७३ को लैससास परीक्षण गरि यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ उद्देश्य :

- जिविसको कार्यालय धनकुटाबाट आर्थिक वर्ष २०७२/७३ का लागि प्रस्तावित बजेट तर्जुमाको विश्लेषण गर्नु ।
- जिविसको कार्यालय धनकुटाबाट आ.व. २०७२/७३ मा भएको खर्चको लैससास निर्देशिका २०६८ बमोजिम परीक्षण गरि प्रतिवेदन प्रस्तुत गर्नु ।
- लैससास मुखी बजेट निर्माणका लागि सुझाव प्रस्तुत गर्नु ।

## १.३ कार्यसम्पादन तालिका :

यो परीक्षण २०७३ साल भदौ र असोज महिनामा सम्पन्न गरिएको हो ।

## १.४ परीक्षण विधि :

यो परीक्षण लैससास बजेट तर्जुमा तथा परीक्षण कार्यविधि २०६८ बमोजिम गरिएको छ । बजेट तर्जुमा गर्दा जिल्ला विकास योजना २०७२/७३ लाई आधार मानी परीक्षण गरिएको छ । जसमा जिविस निशर्त पूँजीगत अनुदान, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम थप अनुदान र जिविस आन्तरिक स्रोतलाई आधार मानिएको छ ।

परीक्षण ढाँचा निम्न अनुसार रहेको छ ।

- जिविसको योजना तथा लैससास सँग सम्वन्धित नीतिहरुको विश्लेषण
- बजेट विश्लेषण : प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ
- तालिकीकरण र सामूहिक रुपमा नम्बर प्रदान
- बजेट पुस्तिका, वार्षिक प्रतिवेदन र सामूहिक छलफलका आधारमा सवल पक्षहरु, सुधार गर्नुपर्ने पक्षहरु, प्राप्ती र आगामी कार्ययोजना निर्माण
- डायग्रामहरु (माकुरे चित्र) मा प्रस्तुती र अन्तिम प्रतिवेदन तयारी

# भाग २: लैंगिक तथा सामाजिक समावेशी बजेट मापन

## २.१ लैगिंक उत्तरदायी तथा सामाजिक समावेशी बजेट मापनका प्रमुख सूचक र उपसूचकहरू

| क.सं. | प्रमुख सूचक उपसूचकहरू | परीक्षण सूचक | अंक भार | पुँजीगत अनुदान | थप अनुदान | आन्तरिक स्रोत |
|---|---|---|---|---|---|---|
| **१.०** | **योजना तर्जुमा तथा कार्यान्वयनमा महिला र अन्य लक्षित समूहको सहभागिता** | | *२०* | *१४* | *१४* | *१३* |
| **१.१** | **योजना कार्यक्रम तथा बजेट तर्जुमामा महिला सहभागिताको व्यवस्था** | योजना, कार्यक्रम तथा बजेट तर्जुमाको क्रममा स्थानीय निकाय तथा बिषयगत निकायमा निम्न बमोजिमको व्यवस्था भएमा<br>क) उत्तम (जिविस र नगरपालिकामा निर्णायक तहका महिला कर्मचारी र लैङ्गिक सम्पर्क व्यक्तिको संलग्नता, विषयगत निकाय, गाविस, अन्य सरोकारवाला निकाय र उपभोक्ता समितिको तहमा भए ३३ प्रतिशत वा वढी सेवा वा सरोकारवाला महिला तथा अन्य समूहसँग छलफल)<br>ख) मध्यम ( जिविस र नगरपालिकामा निर्णायक तहका महिला कर्मचारी वा लैङ्गिक सम्पर्क व्यक्तिको संलग्नता, बिषयगत निकाय, गाविस, अन्य सरोकारवाला निकाय र उपभोक्ता समितिमा भए २० देखि ३२ प्रतिशत सेवा वा सरोकारवाला महिला तथा अन्य समूहसँग छलफल)<br>ग) सामान्य ( जिविस र नगरपालिकामा निर्णायक तहका वाहेकका महिला कर्मचारीको संलग्नता, बिषयगत निकाय, गाविस, अन्य सरोकारवाला निकाय र उपभोक्ता समितिमा भए ५ प्रतिशत देखि १९ प्रतिशत सेवा वा सरोकारवाला महिला तथा अन्य समूहसँग छलफल) | ४<br>३<br>२ | २ | २ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२ | **कार्यान्वयनमा महिला सहभागिताको सुनिश्चितता** | | १२ | | | |
| १.२.१ | कार्यक्रम कार्यान्वयनमा महिला र लक्षित समूहको सहभागिताको व्यवस्था | कार्यक्रम कार्यान्वयनमा कर्मचारी वा उपभोक्ता समितिमा निम्नानुसार महिला र लक्षित समूहको संलग्नता हुने व्यवस्था भएमा<br>क) उत्तम (निर्णायक पदमा समेत ३३ प्रतिशत वा वढी)<br>ख) मध्यम ( निर्णायक पदमा समेत २० देखि ३२ प्रतिशत सम्म)<br>ग) सामान्य (५देखि १९ प्रतिशत सम्म) | ५<br>४<br>३ | **५** | **५** | **४** |
| १.२.२ | कार्यान्वयनको (सरोकार /उपभोक्ता समिति लगायत) निर्णायक तह लगायतमा महिला र अन्य लक्षित समूहको संलग्नता | विषयगत कार्यालयका (सरोकार/उपभोक्ता समिति जस्तै गाविस, वडा समिति लगायत) निर्णायक तह र पदका पदाधिकारीहरू लगायतमा महिला सहभागिताको व्यवस्था<br>क) उत्तम (३३ प्रतिशत वा वढी )<br>ख) मध्यम (२० देखि ३२ प्रतिशत सम्म)<br>ग) सामान्य (५ देखि १९ प्रतिशत सम्म) | ४<br>३<br>२ | **४** | **४** | **४** |
| १.२.३ | महिला र लक्षित समूहको अनिवार्य उपस्थितिको | योजना व्यवस्थापन तथा कार्यन्वयन बैठकमा महिला पदाधिकारीहरूको अनिवार्य उपस्थिति हुनु पर्ने व्यवस्था गरिएको भएमा | **३** | **१** | **१** | **१** |
| १.३. | **अनुगमनमा महिला र लक्षित समूहको सहभागिताको व्यवस्था** | अनुगमन योजनामा महिला वा लैङ्गिक सम्पर्क व्यक्ति वा सरोकारवाला महिला प्रतिनिधिहरु सहभागिताको सुनिश्चितता | ४ | २ | २ | २ |
| २.० | **महिला र लक्षित समूहहरूको क्षमता अभिबृद्धि** | | २० | १२ | ११ | ७ |
| २.१ | नीति निर्णय तथा कार्यान्वयन तहका महिला र लक्षित समूहहरूको क्षमता अभिवृद्धिको व्यवस्था | समूह तथा समितिहरुमा महिला पदाधिकारीहरूको क्षमता अभिवृद्धिको लागि निम्न कार्यक्रमको व्यवस्था भएमा<br>क) कम्तीमा एकपटक निर्णय दक्षता अभिवृद्धि हुने कार्यक्रमको व्यवस्था | २ | **१** | | २ |
| | | ख) पुर्नताजगी कार्यक्रमको व्यवस्था भएमा | २ | | | |
| | | ग) कार्यक्रममा विशेष वर्गका महिलाहरूलाई लक्षित गरिएमा | २ | २ | २ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२ | क्षमता अभिवृद्धि कार्यक्रममा महिला र लक्षित समूहको सहभागिताको व्यवस्था | गोष्ठी, तालिम, सचेतना, शीप विकास कार्यक्रममा निम्नानुसार लक्षित सबै समुदायका महिला सहभागी हुने व्यवस्था भएमा<br>क) उत्तम (३३ प्रतिशत वा वढी)<br>ख) मध्यम (२० देखि ३२ प्रतिशत सम्म)<br>ग) सामान्य (५ देखि १९ प्रतिशत सम्म) | ७<br>५<br>३ | ५ | ५ | ३ |
| २.३ | लैङ्गिक समानता र सामाजिक समावेशी सम्बेदनशील विषयवस्तु /परिवेश | गोष्ठी, तालिम, सचेतना, शीप विकास कार्यक्रम आदिको विषयवस्तु लैङ्गिक समानता र सामाजिक समावेशी संवेदनशील भएमा<br>क) लैङ्गिक र समावेशी सरोकारहरूलाई समेटिएको भएमा | ४ | २ | २ | |
| | | ख) परिवेश जन्य/विशेष लैङ्गिक र समावेशी सम्बेदनशील प्रस्तुतिकरणको प्रावधान | ३ | २ | २ | २ |
| **३** | **कार्यक्रममा सबै समुदायका महिलाहरूलाई लाभ तथा नियन्त्रणमा सुनिश्चितता** | | **३०** | **२३** | **२३** | **२१** |
| ३.१ | महिलाहरुलाई लाभको (लाभान्वित महिलाको) सुनिश्चितता | योजना तथा कार्यक्रमबाट तत्कालिन लाभ पाउने महिलाको अनुपात निम्नानुसार भएमा<br>क) उत्तम (५० प्रतिशत वा वढी)<br>ख) मध्यम (३० देखि ४९ प्रतिशत सम्म)<br>ग) सामान्य (५ देखि २९ प्रतिशत सम्म) | ८<br>६<br>४ | ८ | ८ | ८ |
| ३.२ | महिलाहरुलाई लाभको सुनिश्चितताका लागि लैङ्गिक अन्तर, ( gaps) महिलाका विशेष आश्यकता र अवरोधहरूको पहिचान र सम्बोधन ) | विषयगत निकायको कार्य सम्पादनमा रहेका लैङ्गिक अन्तर (gaps) महिलाका विशेष रणनीतिक आश्यकता र अवरोधहरूको (आर्थिक स्रोतमा कम पहुँच, (जस्तै स्थानीय निकायबाट लिनुपर्ने विभिन्न प्रमाण पत्र वा सिफारिसको लागि आवश्यक पर्ने शुल्क तिर्न नसक्ने अवस्था) कम शैक्षिकस्तर (जस्तै, स्थानीय तहका विभिन्न निकायहरुबाट प्रवाह हुने सेवा, महिलाहरुले पाउनु पर्ने समान लाभको पक्षहरुको बुझाइको अवस्था) साथै हिँडडुलमा वन्देज (जस्तै स्थानीय तहमा सहभागिता र उपलब्ध लाभको लागि आवतजावतमा रहेको अवरोध) पहिचान गर्ने सो समाधान गर्ने कार्यक्रम भएमा<br>क) उत्तम (माथि पहिचान गरिएका तीनबटै अवरोध सम्बोधन हुने भएमा)<br>ख) मध्यम (माथि पहिचान गरिएका कुनै दूईबटा अवरोध सम्बोधन हुने भएमा)<br>ग) सामान्य (माथि पहिचान गरिएका कुनै एक अवरोध सम्बोधन हुने भएमा) | ६<br>४<br>२ | ४ | ४ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.३ | महिलाहरुलाई लाभको सुनिश्चितताका लागि लैङ्गिक मैत्री र समावेशी कार्यान्वयन संयन्त्र तथा बातावरण, नीतिगत संरचनागत तथा कार्यवातावरणलाई लैंगिकमैत्री र समावेशी बनाउन निम्न व्यवस्था भएमा | क) ऐन, नियम, विनियम, कार्यविधि,निर्देशिका आदिलाई लैङ्गिक मैत्री बनाउन( समानता प्रवर्द्धन गर्न र विभेदकारी प्रावधान हटाउन) तथा कार्यस्थललाई महिला हिंसा मुक्त बनाउन (आचार संहिता, उजुरी सुनुवायी व्यवस्था) पहल गर्ने व्यवस्था उल्लेख भएको | ३ | | | |
| | | ख) महिलाका विशेष आवश्यकतालाई सम्बोधन गर्ने भौतिक सुविधाको व्यवस्था भएको भए (भिन्न शौचालय, वच्चालाई स्तनपान गराउने स्थान, महिला मैत्री कार्यालय ले–आउट आदि) | २ | २ | २ | २ |
| | | ग) कर्मचारीहरूलाई लैङ्गिक उत्तरदायी सेवा प्रवाह सम्बन्धी कृयाकलाप (लैङ्गिक समानता प्रवर्द्धन गर्ने कार्यक्रमहरुबारे जानकारीमूलक सूचना प्रवाहको व्यवस्था भ्रमण, अभिमूखिकरण, तालिम आदि)को व्यवस्था भएमा | २ | २ | २ | २ |
| ३.४ | महिलाहरुलाई लाभको सुनिश्चितताका लागि बजेटको सुनिश्चितता | लैङ्गिक समानता तथा समता प्रबर्धनका लागि पहिचान भएका कार्यक्रमका लागि<br>क) पर्याप्त रकम विनियोजन गरिएको | १ | १ | १ | १ |
| | | ख) लैङ्गिक समानता तथा समता प्रबर्धक कार्यक्रमका लागि विनियोजन गरिएको रकम सोही काममा खर्च हुने सुनिश्चितता भएमा | १ | १ | १ | १ |
| ३.५ | लैङ्गिक तथा समावेशी खण्डिकृत लाभको सुनिश्चितताका लागि लैङ्गिक तथा समावेशी अनुगमन, परीक्षण तथा प्रभाव मुल्याकंनको व्यवस्था | आयोजना/ कार्यक्रमको सवै तहमा निम्नानुसार लैंगिक तथा समावेशी खण्डिकृत सूचना र तथ्याकको अभिलेखन राख्ने तथा प्रभाव मुल्याकंनको लागि निम्न बमोजिमको व्यवस्था भएमा<br>क) प्रतिफलमा महिला/पुरुषको भिन्न भिन्नै विवरण आउने गरी आयोजना/ कार्यक्रमको अभिलेख राखेमा | २ | २ | २ | २ |
| | | ख) मन्त्रालय, विभाग र मातहतको कार्यसम्पादनको वार्षिक प्रगति प्रतिवेदन तथा समीक्षामा लैंगिक समानता सम्बन्धमा भएका प्रगतिहरू निम्नानुसार समावेश भएमा<br>अ) १ देखि ३.२ वुदा का सूचक तथा उपसूचकहरूमा उल्लेखित सवालहरू सम्बोधन भएको नभएको समीक्षा गरिएमा<br>आ) लैङ्गिक तथा समावेशी समानता सुनिश्चित गर्न विनियोजित वजेट सोही काममा खर्च भए नभएको लेखाजोखा गरिएमा | १<br>१ | <br>१ | <br>१ | <br>१ |
| | | ग) समिक्षाबाट आएका सिकाइहरूका आधारमा आगामी बर्षको योजना/बजेट तर्जुमा | १ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गरिएमा | | | | |
| | | घ) संचालित कार्यक्रमको लैङ्गिक परीक्षण (audit), प्रभाव (impact) मुल्याकंन गर्ने व्यवस्था भएमा | २ | २ | २ | २ |
| ४.० | **सबै समुदायका महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि** | | **२०** | **९** | **९** | **४** |
| ४.१ | सबै समुदायका महिलाहरूको लागि रोजगारीको अवसरको उपलव्धता | संचालित कार्यक्रमबाट तत्काल सिर्जित रोजगारीमा सहभागिताको सुनिश्चितता (जस्तै : स्वयं, उपभोक्ता समिति वा ठेक्का पट्टाबाट गरिने बिकास निर्माण लगायतका कार्यमा सिर्जित अवसरमा सबै समुदायका महिलाहरुको लागि मात्र आरक्षण, प्राथमिकता आदि) निम्नानुसार भएमा<br>क) उत्तम (३३ प्रतिशत वढी)<br>ख) मध्यम (२० देखि ३२ प्रतिशत सम्म)<br>ग) सामान्य (५ देखि १९ प्रतिशत सम्म) | <br>८<br>६<br>४ | <br><br>४<br> | <br><br><br>४ | <br><br><br>४ |
| ४.२ | आय आर्जनका वैकल्पिक अवसर वा वृत्ति बिकासकका अवसर सृजना हुने भएमा | संचालित कार्यक्रमबाट तत्काल सिर्जित रोजगारी बाहेक आय आर्जनका वा वृत्ति विकासका अन्य बैकल्पिक अवसरहरु सिर्जना हुन सक्ने अवस्था भएमा (जस्तै विभिन्न प्राविधिक तथा सीप विकास सम्बन्धी कार्यक्रमबाट सिर्जना हुने वृत्ति विकास र वजार विकासका लगायतका कारण सिर्जीत वैकल्पिक अवसर आदि ) | ७ | ३ | ३ | |
| ४.३ | समान ज्याला दर | उपलव्ध रोजगारीमा महिला र पुरुषका लागि समान ज्यालाको सुनिश्चितता भएमा (जस्तै उपसूचक ४.१ अनुसार सिर्जीत रोजगारीमा दिइने पारिश्रमिक आदि ।) | ५ | २ | २ | |
| ५.० | **सबै समुदायका महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि** | | **१०** | **८** | **८** | **४** |
| ५.१ | कार्य सम्पादनमा सहजता र समयको वचत | तुरुन्त लाभ हुने तथा महिलाको समय बचत हुने नयाँ प्रविधि, तौर तरिकाको प्रयोगको व्यवस्था भएमा ( जस्तैः स्थानीय निकायबाट सम्पादन हुने खानेपानी, सिँचाई, निर्माण आदि, दिशापिसाब मुक्त क्षेत्र, सुधारिएको चुलो, वा घट्ट निर्माण आदि लगायत अन्य विकास निर्माणका कार्य गर्दा त्यसको लैंगिक प्रभाव मूल्यांकन आदि । | ४ | ४ | ४ | |
| ५.२ | परम्परागत भूमिका परिवर्तनका लागि दीर्घकालीन | परम्परागत भूमिका परिवर्तनका लागि दीर्घकालीन परिणाममुखी प्रयास भएमा<br>क) विभिन्न क्षेत्रमा परम्परागतरुपमा गरिने श्रम विभाजन भन्दा भिन्न प्रकृतिको कार्यमा (मुल्य तथा स्तरअभिवृद्धि सहित) महिलाहरूको भूमिकामा रुपान्तरण हुने व्यवस्था | २ | २ | २ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | परिणाममुखी प्रयास भएमा | भएमा (जस्तैः समूहका निर्णय तथा महिलामा ल्याउने व्यवस्था, नयाँ वृत्ति विकास योजना, सामाजिक परिचालक)<br>ख) महिलाहरुको अवैतनिक कामको महत्व, घरायसी काममा महिलाको विशेष बोझ बारे प्रशिक्षण तथा प्रचार सामग्रीमा छलफल भएमा )<br>ग) यस्ता घरायसी काममा पुरुषको सहभागिता अभिवृद्धि गरी सहकार्यको भावनालाई प्रोत्साहन गर्ने सकारात्मक व्यवस्था भएमा । | २<br>२ | २ | २ | २ |

*__द्रष्टव्य:__ (१) माथि बिभिन्न उपसूचकहरुको लागि निर्धारण गरिएको प्रतिशतको हिसाव गर्दा दशमवलमा आएमा ५ भन्दा तल भएमा तल्लो पूर्णअङ्कमा र ५ वा सो माथि आएमा माथिल्लो पूर्णअङ्कदिनु पर्नेछ । मापदण्डका लागि तोकिएको न्यूनतम अवस्था पनि विद्यमान नभएको अवस्थामा कार्यक्रमले कुनै अङ्क पाउने छैन ।*

*(२ ) महिलाको सहभागिता हेर्दा महिलामा पनि कुन वर्गको र जातको महिला हो भन्ने कुरालाई पनि विश्लेषण गर्नु जरुरी हुछ्र जस्ले गर्दा समावेशी मूद्दा लाई पनि समेट्न सकिन्छ ।*

## ३.२ अंकभार र प्राप्तांकको सारांश

| क.सं. | प्रमुख सूचकांकहरु | अंक भार | पुँजीगत | थप अनुदान | आन्तरिक स्रोत |
|---|---|---|---|---|---|
| १ | योजना तर्जुमा तथा कार्यान्वयनमा महिला र अन्य लक्षित समूहको सहभागिता | २० | १४ | १४ | १३ |
| २ | महिला र लक्षित समूहहरूको क्षमता अभिबृद्धि | २० | १२ | ११ | ७ |
| ३ | कार्यक्रममा सबै समुदायका महिलाहरूलाई लाभ तथा नियन्त्रणमा सुनिश्चितता | ३० | २३ | २३ | २१ |
| ४ | सबै समुदायका महिलाहरूको रोजगारी र आय आर्जन अभिवृद्धि | २० | ९ | ९ | ४ |
| ५ | सबै समुदायका महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी | १० | ८ | ८ | ४ |
| | जम्मा | १०० | ६६ | ६५ | ४९ |
| | लैंगिक उत्तरदायी तथा सामाजिक समावेशीको तह ( प्रत्यक्ष : ५० प्रतिशत वा सो भन्दा बढी लाभ पुग्ने क्रियाकलापहरु) | | | | |

## ३.३ लैङ्गिक उत्तरदायी तथा समावेशी कार्यक्रम र बजेटको विश्लेषण

| क.सं | कार्यक्रम | बजेट (रु.) | विश्लेषणको नतिजा | | | |
|---|---|---|---|---|---|---|
| | | | प्राप्त अङ्क | प्रत्यक्ष | अप्रत्यक्ष | तटस्थ |
| १ | पूँजीगत अनुदान ( निशर्त) | १३३९४००० | ६६ | ५६२७६०० | २७८६६०० | ४९७९८०० |
| | प्रतिशत | १०० | | ४२.०२ | २०.८० | ३७.१८ |
| २ | आन्तरिक स्रोत तर्फको पूँजीगत | ७१४०००० | ६५ | ३३९५२५० | १६२५००० | २११९७५० |
| | | १०० | | ४७.५५ | २२.७६ | २९.६९ |
| ३ | राजश्व तर्फको पूँजीगत | ५०००००० | ६९ | ७००००० | ४००००० | ३९००००० |
| | | १०० | | १४ | ८ | ७८ |
| | जम्मा | २५५३४००० | | ९७२२८५० | ४८११६०० | १०९९९५५० |
| | प्रतिशत | १०० | | ३८.०८ | १८.८४ | ४३.०८ |

उपरोक्त अंक प्रदान गर्दा प्रत्यक्ष र अप्रत्यक्ष बजेटबाट हुने अनुमानित लाभको आधारमा अंक प्रदान गरिएको छ । तसर्थ तटस्थ बजेटको तुलनामा प्राप्त अंक बढी जस्तो लाग्ने देखिन्छ । बजेटको स्वरुपलाई निम्न अनुसार चार्टमा हेर्न सकिन्छ । जिविसको पूँजीगत अनुदान (निशर्त), आन्तरिक तर्फको पूँजीगत तथा कार्यक्रमगत खर्च र राजश्व तर्फको खर्च प्रस्ताव बमोजिम बजेटको लैससास अनुसार




## ३.४ प्रत्यक्ष लैगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट बढाउने उपायहरु र सुझावहरु

१. लैससास निर्देशिका २०६८ को अनुसूची ४ बमोजिम स्थानीय निकायले लैससास बजेट तर्जुमा तथा परीक्षणका लागि आवश्यक पर्ने आधारभूत तथ्यांक व्यवस्थित गर्नुपर्ने ।

२. लैंगिक तथा सामाजिक समावेशी खण्डीकृत तथ्यांकहरु विषयगत रुपमा अद्यावधिक गर्नु पर्ने

३. आधारभूत तहमा पुग्ने लाभहरुको विश्लेषण गर्ने प्रक्रियालाई कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गर्न आवश्यक देखिन्छ ।

४ बजेट परीक्षण पश्चात बनेको कार्ययोजनालाई समेत जिविसले पर्याप्त बजेट विनियोजन गरि कार्यान्वयनलाई जोड दिनुपर्ने देखिन्छ ।

५ विकास योजनाबाट प्राप्त सामाजिक प्रतिफल तथा कार्यक्रममा हुने सहभागितालाई लैंगिक तथा सामाजिक समावेशीकरण भए नभएको देखिने गरि उपलब्धि सूचकहरु व्यवस्थित गर्दै लान उपयुक्त हुनेछ ।

६ लक्षित समूहले प्रतिपफलमा लाभ लिन सके नसकेको सुनिश्चित गरिनु पर्दछ ।

# भाग ३: लैंगिक तथा सामाजिक समावेशी वजेट परीक्षण

## ३.१ लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण तालिका

| क.सं. | सूचक र उपसूचकहरु | पूर्णांक | प्राप्तांक |
|---|---|---|---|
| १ | स्थानीय निकायको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास | १२ | 7.0 |
| १.१ | **स्थानीय निकायको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास ( आवधिक र वार्षिक योजनामा)** | ४ | 3.0 |
| क | स्थानीय निकायको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना छ /छैन ? | ०–१ | 1.0 |
| ख | स्थानीय निकायको उद्देश्यले महिला र पुरुषबीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरूलाई समेटेको छ /छैन ? | ०–१ | 0.5 |
| ग | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति छ /छैन ? | ०–१ | 1.0 |
| घ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति छ /छैन ? | ०–१ | 0.5 |
| १.२ | **महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी)** | ४ | 2.0 |
| क | स्थानीय निकायका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग लिङ्ग र समुदायका बिच समावेशीकरण हुने गरी कर्मचारीहरूको प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ /छैन ? | ०–१ | 1.0 |
| ख | स्थानीय निकायमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ /छैन (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति) | ०–१ | 0.5 |
| ग | स्थानीय निकायको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरूको समान ( ५० र ५०) प्रतिनिधित्व रहेको छ/छैन | ०–१ | 0.0 |
| घ | महिला तथा पुरुष कर्मचारीहरूको संख्यामा समानता छ /छैन । (स्थानीय निकायले नियुक्ति गर्नेको हकमा मात्र लागु हुने | ०–१ | 0.5 |
| १.३ | **लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली** | ४ | 2.0 |
| क | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपानसम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ /छैन (गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने ) | ०–१ | 0.5 |
| ख | महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था छ /छैन | ०–१ | 1.0 |
| ग | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ /छैन | ०–१ | 0.0 |
| घ | महिला माथी हिंसा भएमा तत्काल सुनुवाइ को व्यवस्था छ /छैन | ०–१ | 0.5 |
| **२** | **स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण** | **१२** | **9.0** |
| २.१ | **लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट** | ४ | 2.5 |
| क | स्थानीय निकायका पदाधिकारी/कर्मचारीहरूले लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिम लिएका छन् वा छैनन् | ०–१ | 0.5 |
| ख | तालिम/अनुशिक्षण/गोष्ठी संचालन गर्न गत वर्ष पर्याप्त रकमको व्यवस्था थियो वा थिएन (पर्याप्त रकम भन्नाले सवै पदाधिकारी/कर्मचारी देखि गा.वि.स.का सचिव र सामाजिक परिचालकहरूसम्मलाई तालिम दिन आवश्यक पर्ने रकम) | ०–१ | 0.5 |
| ग | त्यो तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता गरेको थियो वा थिएन | ०–१ | 1.0 |
| घ | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ ? | ०–१ | 0.5 |

| | | | |
|---|---|---|---|
| २.२ | **क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता** | | 4.0 |
| क | उपभोक्ता समितिमा ३३% महिलाहरूको सहभागिता छ ? | ०–१ | 1.0 |
| ख | उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरूलाई तालिमको व्यवस्था छ ? | ०–१ | 1.0 |
| ग | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरूलाई समान रुपमा सहभागी गराईन्छ ? (गाविस स्तरसम्म) | ०–१ | 1.0 |
| घ | महिला तथा लक्षित समुहका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिमहरू, क्षमता विकास तालिम, भ्रमण) छन् ? सो अनुसारको वजेट विनियोजन गरिएको छ ? | ०–१ | 1.0 |
| २.३ | **स्थानीय निकायको क्षमता विकास कार्ययोजना** | ४ | 2.5 |
| क | स्थानीय निकायको क्षमता विकास कार्ययोजना तयार गरेको छ ? | ०–१ | 0.5 |
| ख | के स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरूको क्षमता विकासको व्यवस्था गरेको छ ? | ०–१ | 0.5 |
| ग | के स्थानीय निकायका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरेको छ ? | ०–१ | 1.0 |
| घ | उक्त परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटका व्यवस्था गरेको छ? | ०–१ | 0.5 |
| ३ | **लक्षित कार्यक्रम** | १२ | 8.5 |
| ३.१ | **कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता** | ४ | 3.0 |
| क | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ? (महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायतनेपाल सरकारले लक्षित समूह भनी तोकेका अन्य वर्ग एवम् समुदायका महिला र पुरुष) | ०–१ | 1.0 |
| ख | के कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरूसँग बसेर समस्या केलाउने (विश्लेषण गर्ने गरिन्छ ? विपन्नता स्तरीकरण भएको छ ? (दुवै भए (१) र एक मात्र भएमा (०.५) चिन्ह दिने । ) | ०–१ | 0.5 |
| ग | के स्थानीय निकायको योजना लक्षित समूहहरूले तयार गरेको कार्यक्रममा आधारित हुन्छ ? | ०–१ | 0.5 |
| घ | के स्थानीय निकायको योजनामा लक्षित समूहहरूको लागि छुट्टयाएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग विनियोजन गरी उनीहरूको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको छ ? | ०–१ | 1.0 |
| ३.२ | **महिला उत्थानका लागि कार्यक्रमहरू** | ४ | 2.0 |
| क | महिलाहरूको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भएका छन् ? ( जस्तोः सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरू राख्ने | ०–१ | 0.5 |
| ख | महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भएका छन् ? ( जस्तोः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि ) | ०–१ | 0.5 |
| ग | महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालित भएका छन् ? ( जस्तोः कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न | ०–१ | 0.5 |

| | | | |
|---|---|---|---|
| घ | महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालिनबाट लाभान्वित भएको छन् ? (जस्तोः कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न | ०–१ | 0.5 |
| ३.३ | **स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरू** | ४ | 3.5 |
| क | स्थानीय निकायको योजना तर्जुमा गर्दा लक्षित समुहहरूको सक्रिय सहभागितामा तय गर्ने गरेको छ | ०–१ | 1.0 |
| ख | स्थानीय निकायको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने गरिएको छ ? | ०–१ | 1.0 |
| ग | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण , जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ ? | ०–१ | 0.5 |
| घ | स्थानीय निकायको योजना कार्यान्वयनबाट लक्षित समुहहरू लाभान्वित भएका छन ? | ०–१ | 1.0 |
| ४ | **लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन** | **१२** | 8.0 |
| ४.१ | **योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | 2.5 |
| क | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ? के स्थानीय निकायले खण्डीकृत तथ्यांङ्को समय समयमा अध्यावधिक गर्ने गरेको छ ? | ०–१ | 0.5 |
| ख | के योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरूको छुट्टा छुट्टै अवस्था विश्लेषण र अवश्यकता पहिचान गर्ने गरिएको छ ? र सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको छ ? | ०–१ | 0.5 |
| ग | के स्थानीय निकायले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार पार्ने गरिन्छ ? | ०–१ | 1.0 |
| घ | के गत वर्षको वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवै कृयाकलापहरू सम्पन्न भए ? | ०–१ | 0.5 |
| ४.२ | **योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | 3.0 |
| क | के कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरूको सक्रिय सहभागितमा गर्ने गरिएको छ ? | ०–१ | 1.0 |
| ख | के कार्यक्रम तथा परियोजना कार्यान्वयन बाट सम्वन्धित समुदायले पूरा लाभ लिन सकेको छ ? | ०–१ | 0.5 |
| ग | उपभोक्ता समितिलेगर्ने कार्यहरूमा महिला तथा लक्षित समुहको सहभागिता छ ? साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी रहेको छ ? लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व रहेको छ ? | ०–१ | 1.0 |
| घ | के स्थानीय निकायले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ ? | ०–१ | 0.5 |
| ४.३ | **अनुगमन र मूल्याङ्कन** | ४ | 2.5 |
| क | के स्थानीय निकायको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता के कम्तीमा ३३ प्रतिशत छ ? | ०–१ | 1.0 |
| ख | के स्थानीय निकायमा अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | ०–१ | 0.5 |
| ग | के स्थानीय निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ ? | ०–१ | 0.5 |
| घ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | 0.5 |

| | | | |
|---|---|---|---|
| **५** | **आन्तरिक संरचना** | १२ | 10.0 |
| **५.१** | **स्थानीय निकायमा महिला तथा लक्षित समुहको सहभागिता** | ४ | 3.5 |
| क | आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | 1.0 |
| ख | दलित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | 1.0 |
| ग | आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिको पदाधिकारीहरू, लक्षित समुहहरूको कार्यक्रम तजुमा, कार्यान्वियन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | 1.0 |
| घ | के जिल्लामा महिला समन्वय समिति गठन भई जिल्लामा महिलाहरूको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | 0.5 |
| **५.२** | **वित्त तथा लेखा व्यवस्थापन** | ४ | 3.0 |
| क | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ ? | ०–१ | 1.0 |
| ख | आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकासको लागि वजेटको व्यवस्था भएको छ ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०–१ | 1.0 |
| ग | लैङ्गिक डेस्कको विकासको लागि वजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०–१ | 0.0 |
| घ | कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | ०–१ | 1.0 |
| **५.३** | **स्थानीय निकायमा गठित समिति** | | 3.5 |
| क | के जिविस अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा छ ? | ०–१ | 1.0 |
| ख | जिल्ला स्रोत अनुमान समिति, गाउँ विकास समिति, एकीकृत योजना तर्जुमा समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरूमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ ? | ०–१ | 1.0 |
| ग | महिला समन्वय समिति, आदिवासी जनजाति जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, बाल क्लब पिछडा वर्ग जिल्ला समन्वय समितिको गठन गरी स्थानीय निकायको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ? | ०–१ | 1.0 |
| घ | स्थानीय निकायको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरूबाट सहभागिता हुनसक्ने गरी सुनिश्चित गरिएको छ ? | ०–१ | 0.5 |
| **६** | **सुशासन** | १२ | 9.5 |
| **६.१** | **पारदर्शिता/ जफावदेहिता** | ४ | 4.0 |
| क | के स्थानीय निकायले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ? | ०–१ | 1.0 |
| ख | के महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ ? | ०–१ | 1.0 |
| ग | के स्थानीय निकायको समिक्षा बठैकमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ ? | ०–१ | 1.0 |
| घ | के स्थानीय निकायले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई सेवा सुविधाहरू छिटो छरिता ढंगबाट दिने गरेको छ ? | ०–१ | 1.0 |
| **६.२** | **सूचना व्यवस्थापन** | ४ | 3.0 |
| क | के स्थानीय निकायले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र | ०–१ | 0.5 |

| | | | |
|---|---|---|---|
| | सूचनालाई आधार मानि जिल्ला विकास योजना तर्जुमा गर्ने गरेको छ ? | | |
| ख | के स्थानीय निकायको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ ? | ०–१ | 0.5 |
| ग | के स्थानीय निकायले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याँक अध्यावधिक गर्ने गरेका छन् ? | ०–१ | 1.0 |
| घ | के स्थानीय निकायमा खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गरिएको छ ? | ०–१ | 1.0 |
| ६.३ | **सूचना शिक्षा र संचार** | ४ | 2.5 |
| क | के स्थानीय निकायले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०–१ | 1.0 |
| ख | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको छ ? | ०–१ | 0.5 |
| ग | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरूको स्थानीय निकायको विकास कार्यहरूमा सहभागिता वृद्धि भएको छ ? | ०–१ | 0.5 |
| घ | के स्थानीय निकायले स्थानीय पत्रकारहरूद्धारा स्थानीय स्तरमा सूचना प्रवाह गर्ने गर्दछ ? | ०–१ | 0.5 |
| ७ | **मानव संसाधन, सम्बन्ध विस्तार** | १२ | 8.0 |
| ७.१ | **मानव संसाधन व्यवस्थापन** | ४ | 2.5 |
| क | स्थानीय निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? | ०–१ | 0.5 |
| ख | स्थानीय निकायमा मानव संसाधन विकास केन्द्र र इकाइ छ? | ०–१ | 1.0 |
| ग | स्थानीय निकायले बैदेशिक रोजगारीमा जाने महिलाहरूको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरेका छन् ? | ०–१ | 0.5 |
| घ | श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सुचीकृत अभिलेख छ ? | ०–१ | 0.5 |
| ७.२ | **संबन्ध विस्तार** | ४ | 3.0 |
| क | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) बनेको छ ? | ०–१ | 1.0 |
| ख | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ ? | ०–१ | 0.5 |
| ग | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरेको छ ? | ०–१ | 1.0 |
| घ | स्थानीय निकायका कर्मचारीहरूले आन्तरिक र वाह्य श्रोत व्यक्तिहरूसँग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन् ? | ०–१ | 0.5 |
| ७.३ | **व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | ४ | 2.5 |
| क | योजना तर्जुमा गर्दा महिलाहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ ? | ०–१ | 0.5 |
| ख | ग्रमीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने गरेको छ ? | ०–१ | 0.5 |
| ग | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्लाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गरिएको छ ? | ०–१ | 0.5 |
| घ | महिलाहरूको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ ? | ०–१ | 1.0 |

| | | | |
|---|---|---|---|
| **८** | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | १२ | 5.0 |
| **८.१** | **नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | ४ | 0.0 |
| क | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरेको छ ? | ०–१ | 0.0 |
| ख | सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गरेको छ ? | ०–१ | 0.0 |
| ग | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरूका बारेमा स्थानीय निकायका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी छ ? सो को लागि अभिमुखीकरण गरिएको छ ? | ०–१ | 0.0 |
| घ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गने गरेको छ ? | ०–१ | 0.0 |
| **८.२** | **महिला विरुद्ध हुने सवै खाले हिंसा निर्मूल पार्ने** | ४ | 2.0 |
| क | महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ ? | ०–१ | 0.5 |
| ख | लैङ्गिक हिंसा रहित जिल्ला/ नगरपालिका / गाविस घोषणा गरेको छ ? | ०–१ | 0.0 |
| ग | १६ दिने महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू स्थानीय निकायहरूले संचालन गर्ने गरेको छ ? हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरूलाई सम्मान गर्ने कार्यक्रम मनाउने गरिएको छ ? | ०–१ | 1.0 |
| घ | महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ? | ०–१ | 0.5 |
| **८.३** | **नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | ४ | 3.0 |
| क | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारी महासन्धी १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयैमा सम्पन्न गरेको छ ? | ०–१ | 0.5 |
| ख | के स्थानीय निकायबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती हटाउन कार्यक्रमहरू संचालन गर्ने गरको छ ? | ०–१ | 1.0 |
| ग | के स्थानीय निकायबाट आदिबासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू यी वर्गहरूको सहभागितामा संचालन गर्ने गरेको छ ? | ०–१ | 1.0 |
| घ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय निकायको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरेको छ ? | ०–१ | 0.5 |

## ३.२ प्राप्तीको सारांश

| क्र. सं. | सूचक र उपसूचकहरु | पूर्णांक | प्राप्तांक |
|---|---|---|---|
| १ | नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास | 12 | 7 |
| २ | क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण | 12 | 9 |
| ३ | लक्षित कार्यक्रम | 12 | 8.5 |
| ४ | लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन | 12 | 8 |
| ५ | आन्तरिक संरचना | 12 | 10 |
| ६ | सुशासन | 12 | 9.5 |
| ७ | मानव संसाधन, सम्बन्ध विस्तार | 12 | 8 |
| ८ | नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | 12 | 5 |

## ३.३ माकुरे चित्र

**जिविसको कार्यालय धनकुटाको लैंगिक तथा सामाजिक बजेट परीक्षण आ.व. २०७२/७३ को अवस्था**



## ३.४ सबल पक्ष तथा सुधार गर्नुपर्ने क्षेत्रहरु

### १ स्थानीय निकायको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **स्थानीय निकायको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (आवधिक र वार्षिक योजनामा)**<br>● स्थानीय निकायको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना छ<br>● महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति छ । | ● स्थानीय निकायको उद्देश्यले महिला र पुरुषबीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरूलाई समेटेको हुनुपर्ने ।<br>● महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति पर्याप्त हुनुपर्ने । |
| **महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी)**<br>● स्थानीय निकायका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायका बिच समावेशीकरण हुने गरी कर्मचारीहरूको प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ । | ● स्थानीय निकायमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ । लैङ्गिक फोकल पर्सन तोकिएको र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन इकाई सक्रिय रहेको देखिँदैन ।<br>● स्थानीय निकायको निर्णायक तहमा ( कर्मचारी/पदाधिकारी) महिलाहरूको समान ( ५० र ५०) प्रतिनिधित्व गराउनु पर्ने ।<br>● स्थानीय निकायले नियुक्त गरेका कर्मचारीहरूको संख्यामा महिला तथा पुरुष समानता बनाउनुपर्ने । |
| **लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली**<br>● महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपानसम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ ।<br>● महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था छ । | ● कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्न बाँकी देखिन्छ ।<br>● महिला माथी हिंसा भएमा तत्काल सुनुवाइ को व्यवस्था भएको देखिँदैन । |

### २ स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट** | ● स्थानीय निकायका सबै पदाधिकारी/ कर्मचारीहरूले लैङ्गिक तथा समावेशी |

| | |
|---|---|
| • तालिम/अनुशिक्षण/गोष्ठी संचालन गर्न गत वर्ष पर्याप्त रकमको व्यवस्था र समान रुपमा महिलाहरुको सहभागिता गर्ने गरिएको छ ।<br>• | विकास सम्बन्धी तालिम लिएका छैनन् ।<br>• तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गर्नु पर्ने ।<br>• तालिममा महिला सहजकर्ताको समेत व्यवस्था गर्नु पर्ने । |
| **क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता**<br>• उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरूको सहभागिता छ ।<br>• उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरूलाई तालिमको व्यवस्था छ ।<br>• क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरूलाई समान रुपमा सहभागी गराईने नीति छ ।<br>• महिला तथा लक्षित समुहका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू ( प्राबिधिक तालिमहरू, क्षमता विकास तालिम, भ्रमण) का लागि वजेट विनियोजन गरिएकोछ । | • |
| **स्थानीय निकायको क्षमता विकास कार्ययोजना**<br>• स्थानीय निकायका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरेको छ ।<br>• लैससास परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि बजेटका ब्यवस्था गरिएको छ । | • स्थानीय निकायको क्षमता विकास कार्ययोजना अद्यावधिक गर्नु पर्ने ।<br>• स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरूको क्षमता विकासको व्यवस्था गरिनु पर्ने देखिन्छ । |

## ३ लक्षित कार्यक्रम

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता**<br>• स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ।<br>• स्थानीय निकायको योजनामा लक्षित | • कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका विपन्नता स्तरीकरण भएका र सोका आधारमा |

| | |
|---|---|
| समूहहरूको लागि छुट्याएको न्यूनतम बजेट सामाजिक बञ्चितिकरणमा परेको वर्गका लागि विनियोजन गरी उनीहरूको हितको लागि कार्यक्रम तर्जुमा गरी समयमा नै बजेट खर्च गरिने गरिएको छ । | समूहहरूसँग बसेर समस्या केलाई कार्यक्रम आयोजना गरिनु पर्ने ।<br>● स्थानीय निकायको समग्र योजना लक्षित समूहहरूले तयार गरेको कार्यक्रममा आधारित हुनुपर्ने । |
| **महिला उत्थानका लागि कार्यक्रमहरू**<br>● | ● महिलाहरूको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन हुनुपर्ने ।<br>● महिलाहरुका लागि शिक्षा सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालित हुनु पर्ने ।<br>● महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू नियमित संचालन गरिनु पर्ने र लाभान्वितहरुको अभिलेख व्यवस्थापन गरिनु पर्ने । |
| **स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरू**<br>● स्थानीय निकायको योजना तर्जुमा गर्दा लक्षित समुहहरूको सक्रिय सहभागितामा तय गर्ने गरेको छ ।<br>● स्थानीय निकायको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने गरिएको छ ।<br>● स्थानीय निकायको योजना कार्यान्वयनबाट लक्षित समुहहरू लाभान्वित भएका छन् । | ● परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्नु पर्ने । |

## ४ लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास**<br>● स्थानीय निकायले योजना तर्जुमा गर्दा कार्यक्रमका सबै क्षेत्रमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार गरिएको छ ।<br>● | ● स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गरि खण्डीकृत तथ्यांङ्कको समय समयमा अध्यावधिक गरिनुपर्ने ।<br>● योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरूको छुट्टा छुट्टै अवस्था विश्लेषण र आवश्यकता पहिचानका आधारमा खण्डीकृत तत्थ्याङ्क निर्माण गरि सो अनुसारको कार्यक्रम तय गरि अद्यावधीक गरिनु पर्ने ।<br>● गत वर्षको वार्षिक योजना अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवै कृयाकलापहरू सम्पन्न गरिनु पर्ने |

| | |
|---|---|
| | । |
| **योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास**<br>● उपभोक्ता समितिलेगर्ने कार्यहरूमा महिला तथा लक्षित समुहको सहभागिता छ । साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी रहेको छ । लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व रहेको छ ।<br>● स्थानीय निकायले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ । | ● कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरूको सक्रिय सहभागितामा भएको हुनुपर्ने<br>● कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्वन्धित समुदायका महिलाहरुले पूरा लाभ लिन सक्ने वातावरण तयार गरि कार्यान्वयन गरिनु पर्ने । |
| **अनुगमन र मूल्याङ्कन**<br>● स्थानीय निकायको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत रहेको छ ।<br>● | ● स्थानीय निकायमा अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गरिनु पर्ने ।<br>● स्थानीय निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धतिको व्यवस्थापन गरिनु पर्ने ।<br>● योजना तथा कार्यक्रमहरुको संयुक्त अनुगमन प्रणालीलाई व्यवस्थित गरि आएका सुझावहरु कार्यान्वयन गरिनुपर्ने । |

## ५ आन्तरिक संरचना

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **स्थानीय निकायमा महिला तथा लक्षित समुहको सहभागिता**<br>● आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ।<br>● दलित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ।<br>● आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिको पदाधिकारीहरू, लक्षित समुहहरूको कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यमा भूमिका | ● जिल्लामा महिला समन्वय समिति गठन भई महिलाहरूको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहनुपर्ने । |

| | |
|---|---|
| रहेको छ । | |
| **वित्त तथा लेखा व्यवस्थापन**<br>● महिला र वालवालिकाको विकासको लागि विकास कोष स्थापना गरिएको छ ।<br>● आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकासको लागि वजेटको व्यवस्था भएको छ । उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ।<br>● कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ । | ● लैङ्गिक डेस्क विकासको लागि पर्याप्त वजेटको व्यवस्था हुन सकेको छैन ।<br>● लैङ्गिक डेस्कको व्यवस्था गरि कार्यक्रम गरिनु पर्ने । |
| **स्थानीय निकायमा गठित समिति**<br>● जिविस अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालन गरिएको छ ।<br>● जिल्ला स्रोत अनुमान समिति, गाउँ विकास समिति, एकीकृत योजना तर्जुमा समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरूमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ ।<br>● महिला समन्वय समिति, आदिवासी जनजाति जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, बाल क्लब, पिछडा वर्ग जिल्ला समन्वय समितिको गठन गरी स्थानीय निकायको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ । | ● स्थानीय निकायको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरूबाट सहभागिता हुनसक्ने गरी सुनिश्चित गरिनु पर्ने । |

## ६ सुशासन

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **पारदर्शिता/ जफावदेहिता**<br>● स्थानीय निकायले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ।<br>● महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ ।<br>● स्थानीय निकायको समिक्षा बठैकमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग ( | ● |

| | |
|---|---|
| आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठ नागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ ।<br>● स्थानीय निकायले महिला, बालबालिका सबै जातजातिका विपन्न वर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई सेवा सुविधाहरू अझ छिटो छरितो ढंगबाट प्रदान गरिएको छ । | |
| **सूचना व्यवस्थापन**<br>● स्थानीय निकायले आ आफ्ना क्षेत्रका पन्जीकरणको तथ्याँक मासिक र वार्षीक रुपमा अध्यावधिक गर्ने गरेका छन् । उक्त कामका लागि ना.शु. स्तरको मानव स्रोतवाट सम्पन्न हुने गरेको छ ।<br>● स्थानीय निकायमा खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गरि व्यवस्थापन गरिएको छ । | ● स्थानीय निकायले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि जिल्ला विकास योजना तर्जुमा गर्ने गरिएको हुनुपर्ने ।<br>● स्थानीय निकायको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि पर्याप्त बजेटको व्यवस्था गरिनुपर्ने । |
| **सूचना शिक्षा र संचार**<br>● स्थानीय निकायले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ।<br>● स्थानीय निकायले स्थानीय पत्रकारहरूद्धारा स्थानीय स्तरमा सूचना प्रवाह गर्ने गर्दछ ।<br>● रेडियो नेपाल क्षेत्रिय प्रशारण केन्द्र, धनकुटावाट स्थानिय निकायले सम्पादन गरेका, स्थानिय सरोकारवाला संघ संस्थाहरुले गरेका कामहरुको नियमित रुपमा कार्यक्रम वनाई प्रचार प्रसार गर्ने गरेको ।<br>● | ● स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न वर्गहरूको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरूको स्थानीय निकायको विकास कार्यहरूमा सहभागिता वृद्धि भए नभएको अभिलेख गरिनु पर्ने ।<br>● स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको अभिलेखिकरण गरिनुपर्ने देखिन्छ । |

## ७ मानव संसाधन, सम्बन्ध विस्तार

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **मानव संसाधन व्यवस्थापन**<br>● स्थानीय निकायमा मानव संसाधन विकास केन्द्र र इकाइ छ | ● स्थानीय निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत उपलब्ध हुनुपर्ने ।<br>● स्थानीय निकायले बैदेशिक रोजगारीमा जाने महिलाहरूको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्नु पर्ने ।<br>● श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सुचीकृत अभिलेख व्यवस्थापन गरिनु पर्ने । |

| | |
|---|---|
| | • जिल्लाका श्रोत व्यक्तिहरुको रोष्टर अद्यावधीक गरि राखिनु पर्ने । |
| **संबन्ध विस्तार**<br>• लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) महिला तथा वालवालिका कार्यालयमा बनेको छ ।<br>• समावेशी विकास र लैङ्गिक समानता सम्वन्धि नयाँ नयाँ विषय र नयाँ श्रोत व्यक्तिहरु ( महिला श्रोत व्यक्तिहरुवाट) तालिमको व्यवथापन गरिएको छ । | • लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत छलफल गर्न संजाल निर्माण गरि यस क्षेत्रको विकासको लागि नियमित रुपमा वैठक वसी कार्य गर्नु पर्ने<br>• स्थानीय निकायका कर्मचारीहरूले आन्तरिक र वाह्रय श्रोत व्यक्तिहरूसँग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने । |
| **व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति**<br>• महिलाहरूको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गर्नु पर्ने ।<br>• ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गरिएको छ ।<br>• | • योजना तर्जुमा गर्दा महिलाहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल गरिनु पर्ने<br>• लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्लाका अल्पकालीन ( वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गरिनु पर्ने । |

## ८ नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | • सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरिनु पर्ने ।<br>• सहस्राब्दी विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गरिनु पर्ने ।<br>• महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा स्थानीय निकायका पदाधिकारीहरू वा कर्मचारीहरूलाई जानकारी गराई सोको लागि अभिमुखीकरण गर्नु पर्ने<br>• महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्नु पर्ने ।<br>• कार्यान्वयन भएका कामहरुको विवरण तथा संख्या लैंगिक आधारमा उल्लेख गरि अभिलेख तयार गर्नु पर्ने । |

| | |
|---|---|
| **महिला विरुद्ध हुने सवै खाले हिंसा निर्मूल पार्ने** | • महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयमा नै सम्पन्न गर्नु पर्ने ।<br>• लैङ्गिक हिंसा रहित जिल्ला/ नगरपालिका / गाविस घोषणा अभियान संचालन गर्नु पर्ने ।<br>• १६ दिने महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू स्थानीय निकायहरूले संचालन गर्नु पर्ने । हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरूलाई सम्मान गर्ने कार्यक्रम मनाउने गरिनु पर्ने ।<br>• महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाउनु पर्ने । |
| **नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन**<br>• स्थानीय निकायबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती हटाउन कार्यक्रमहरू सहभोज संचालन गर्ने गरको छ ।<br>• स्थानीय निकायबाट आदिबासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू लक्षित वर्गहरूको सहभागितामा संचालन गर्ने गरेको छ | • संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारमहासन्धी १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू सम्पन्न गरिनु पर्ने ।<br>• महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय निकायको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरि कार्यक्रम संचालन गरिनु पर्ने । |

## ३.५ लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षणबाट आएका प्रमुख प्राप्तीहरु

### १ स्थानीय निकायको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास

### १.१ स्थानीय निकायको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास ( आवधिक र वार्षिक योजनामा)

जिल्ला विकास समितिको वार्षिक योजनामा विकास नीतिहरुबारे उल्लेख भएको छ । कार्यालयले लैंगिक तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति अवलम्बन गरेको छ । वार्षिक योजनामा लक्षित वर्ग तथा सामाजिक विकास सम्वन्धी नीति अन्तर्गत महिला तथा वालवालिका सम्वन्धी, आदिवासी तथा जनजाती सम्वन्धी, दलित उत्थान सम्वन्धी, ज्येष्ठ नागरिक तथा अपांग र समविकास सम्वन्धी नीतिहरु पारित गरेको छ । साथै लक्षित वर्ग उत्थान सम्वन्धी शिर्षकगत रुपमा महिलाका लागि पूँजीगत तर्फको १० प्रतिशत, वालवालिका र लक्षित समुदायका लागि १५ प्रतिशत बजेट विनियोजन गरिएको देखिन्छ ।

### १.२ महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी)

स्थानीय निकायमा लैंगिक विकास हेर्नका लागि लैंगिक सम्पर्क व्यक्ति तोकिएको छ । साथै लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको गठन गरिएको छ । कर्मचारी तथा पदाधिकारीमा महिला सहभागिता अत्यन्त न्यून रहेको देखिन्छ । कार्यरत ३३ जना कर्मचारीहरुमध्ये ४ जना महिलाहरु रहेका छन् र ती महिलाहरु निर्णायक तहमा रहेका देखिँदैनन् । यद्यपी जिविसको कार्यालयमा गरिवसँग विश्वेश्वर कार्यक्रमको समन्वय गर्नका लागि एक जना महिला कर्मचारी थप भएका छन् ।

### १.३ लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली

महिलाहरुका लागि सहज काम तथा जिम्मेवारी निर्धारण गरिएको छ । कार्यरत महिलाहरु सोधपुछ कक्षमा रहेका देखिन्छन् । कार्यालयमा महिला तथा पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था छ ।

### २.१ लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट

जिविसको कार्यालयले जिविसमा कार्यरत कर्मचारीहरु, गाविस सचिवहरु र सामाजिक परिचालकहरुलाई समेत लैससास तालिम उपलब्ध गराएको देखिन्छ । जिविसको कार्यालयले गत वर्ष १५ जना कर्मचारीहरुलाई तालिम तथा अवलोकन भ्रमण गराएको छ ।
जिविसको कार्यालयले लैससास बजेट परीक्षण गर्नका लागि बजेट विनियोजन गर्ने, यस सम्बन्धमा कर्मचारीहरुबीच अन्तरक्रिया गर्ने र लैससास परीक्षणको नतिजाबारे समिक्षा गर्ने समेत गरेको छ ।

### २.२ क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता

जिविसको कार्यालयले गठन गर्ने उपभोक्ता समितिहरुमा ३३ प्रतिशत महिलाहरूको सहभागिता सुनिश्चित गरिएको छ । महिला तथा लक्षित समूहका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम तथा भ्रमणहरुको व्यवस्था गरिएको छ । जिविसले सञ्चालन गरेका गतिविधिहरुमा महिला सहभागिता ५३ प्रतिशत भन्दा वढी देखिन्छ । लक्षित समूहको कार्यक्रम विश्लेषण गर्दा उक्त नतिजा देखिएको हो ।

## २.३ स्थानीय निकायको क्षमता विकास कार्ययोजना

स्थानीय निकायले क्षमता विकास कार्ययोजना त्रिवर्षीय रुपमा तयार गरिएको छ । स्थानीय निकायले लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परिक्षण गर्नका लागि बजेटको व्यवस्था गर्ने गरेको देखिन्छ ।

## ३ लक्षित कार्यक्रम

## ३.१ कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता

स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना संकलन गर्न वाल पार्श्वचित्र, जनजाती पार्श्वचित्र, दलित पार्श्वचित्र जस्ता विषयका तथ्यांकहरु अद्यावधिक गरेको छ । अघिल्ला वर्षहरु संकलन भएका सूचनाहरुलाई समेत जिविसले प्रयोग गरिरहेको छ ।
जिविसले लक्षित समूहहरुसँग छलफल गरेर योजना तर्जुमा गर्ने गरेको छ । लक्षित समूहको प्रतिनिधित्व जिविसमा रहेका लक्षित वर्ग समन्वय समितिहरुले गरिरहेका छन् भने वस्ती स्तरमा हुने छलफल, नागरिक सचेतना केन्द्रमा हुने छलफलले समेत लक्षित वर्गको समूहको प्रतिनिधित्व गरिरहेका छन् ।

## ३.२ महिला उत्थानका लागि कार्यक्रमहरू

जिविसले महिला उत्थानका लागि विभिन्न ११ भन्दा बढी क्रियाकलापहरु संचालन गरेको छ । महिलाहरुको स्वास्थ्य सुधारका लागि स्वास्थ्य शीविरहरुको संचालनमा साझेदारी गरेको छ । गत वर्ष ३ लाख भन्दा बढी बजेट स्वास्थ्य सुधारका लागि खर्च भएको छ जसबाट ४०० भन्दा बढी महिलाहरु लाभान्वित भएका देखिन्छन् । जिविसले स्वास्थ्य सम्बन्धि उपकरण समेत स्वास्थ्य चौकीलाई उपलब्ध गराएको छ ।
महिला हिंसा विरुद्धको दिवस मनाउन, पीडितहरुलाई सहयोग गर्ने कार्य गर्न समेत जिविसको कार्यालयबाट भएको देखिन्छ ।

## ३.३ स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरू

स्थानीय निकायले सहभागितामूलक योजना तर्जुमा प्रक्रियाबाट योजना तर्जुमा गर्ने गरेको छ । स्थानीय निकायको योजना तर्जुमा गर्दा लक्षित समुहहरूको सक्रिय सहभागिता रहने गरेको छ । योजनाबाट महिलालाई प्रत्यक्ष लाभ हुने  स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु संचालन गर्ने गरिएको छ । स्थानीय निकायको योजना कार्यान्वयनबाट लक्षित समूहका व्यक्तिहरु प्रत्यक्ष लाभान्वित भएको देखिन्छ । जिविसले लक्षित समूहका लागि समन्वय समिति निर्माण गर्ने, ती समितिबाट योजना प्रस्ताव गर्ने, सूचना प्रकाशित गरी सक्षम संस्थाहरुबाट योजना कार्यान्वयन गराउने कार्यहरु गरेको देखिन्छ ।

## ४. लैंगिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन

## ४.१ योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास

स्थानीय निकायले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी विकास योजना तयार गर्ने गरेको छ । जिविसले गत वर्ष प्रस्ताव गरेका लक्षित वर्ग उत्थान सम्वन्धी सबै क्रियाकलापहरु सम्पन्न गरेको देखिन्छ ।

## ४.२ योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास

योजना कार्यान्वयन गर्दा महिला लक्षित समुदायका लागि महिलाहरुको नेतृत्वमा कार्यक्रम सम्पन्न गर्ने, जनजाती समुदाय लक्षित कार्यक्रमका लागि सोही समूहसँग सम्वन्धित व्यक्तिहरुबाट योजना कार्यान्वयन गरेको पाइन्छ ।

उपभोक्ता समितिका प्रमुख ३ (अध्यक्ष, सचिव र कोषाध्यक्ष) पदहरु मध्ये कुनै एकवटामा महिला अनिवार्य रुपमा रहने व्यवस्था गरिएको छ ।

गत वर्ष १२ हजार भन्दा बढी समुदाय लक्षित समुदायबाट लाभान्वित भएका देखिन्छन् ।

## ४.३ अनुगमन र मूल्याङ्कन

जिविसको कार्यालयले विकास गतिविधिहरुको विषयगत कार्यालयहरु समेतबाट संयुक्त अनुगमन प्रक्रिया शुरु गरेको छ । यो प्रक्रियाले अनुगमन प्रक्रियालाई सस्तो, सामूहिक र प्रभावकारी बनाउन सहज बनाएको देखिन्छ । अनुगमन प्रक्रियामा महिला सहभागिता बढाउनेतर्फ उपायहरु अवलम्बन गर्नुपर्ने देखिन्छ ।

# ५ आन्तरिक संरचना

## ५.१ स्थानीय निकायमा महिला तथा लक्षित समुहको सहभागिता

निर्देशिकाले तोके वमोजिम आदिवासी जनजाति जिल्ला समन्वय समिति, दलित वर्ग जिल्ला समन्वय समिति, अपांग जिल्ला समन्वय समिति र महिला जिल्ला समन्वय समितिहरुमा निर्देशिकाले तोकेबमोजिम महिला सहभागिता रहेको छ ।

५.२ वित्त तथा लेखा व्यवस्थापन

महिला विकासका लागि महिला वालवालिका विशेष कोषको व्यवस्था गरिएको छ । लक्षित समूहको विकासका लागि निर्देशिकाले तोके बमोजिमको बजेटको व्यवस्था गरिएको र सो अनुरुप बजेट तथा योजना कार्यान्वयन गर्ने गरिएको छ । गत वर्ष जिविसको कार्यालयले पूँजीगत अनुदानको ३५ प्रतिशत बजेट रकम लक्षित समूह विकासका लागि खर्च गरेको छ ।

५.३ स्थानीय निकायमा गठित समिति

जिविस अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरिएको छ । उक्त समिति संचालनमा रहेको छ । निर्देशिकाले तोकेका महिला समन्वय समिति, आदिवासी जनजाती जिल्ला समन्वय समितिको गठन गरिएको छ । यी समितिहरु सक्रिय रुपमा योजना प्रक्रियामा संलग्न रहेका छन् । उक्त समितिहरु योजना तर्जुमा र कार्यान्वयनका लागि वैठक वस्ने र निर्णय गर्ने गरेका छन् । उक्त समितिहरुले यस आ.व.मा तीन वटा वैठक बसेका छन् र वैठकले योजनाको प्रभावकारी कार्यान्वयनका लागि निर्णयहरु गरेको छ ।

# ६ सुशासन

६.१ पारदर्शिता/ जफावदेहिता

जिविसकी कार्यालयले नियमित रुपमा वर्षको कम्तिमा ३ पटक प्रत्येक चौमासिकमा पर्ने गरी आफूले संचालन गरेका कार्यक्रमको सार्वजनिक सुनुवाई गरेको देखिन्छ । वार्षिक योजनाहरु निर्णय पश्चात सार्वजनिक हुने गरेका छन् । लक्षित समूहलाई जिविसले छिटो र छरितो ढंगबाट सेवा दिने गरेको छ । पाँच लाख भन्दा वढी लागतका योजनाहरु जिविसको कार्यालयमा सार्वजनिकीकरण गरिएको छ । जसमा उपभोक्ता समितिका अध्यक्षहरुको समेत विवरण उल्लेख गरिएको छ ।

६.२ सूचना व्यवस्थापन

जिविसले सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ । जिविसले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याँक मासिक र वार्षिक रुपमा अध्यावधिक गर्ने गरेको छ । उक्त तथ्यांकलाई खण्डीकृत रुपमा कम्प्युटरमा राखिएको छ ।

जिविसले नागरिक वडा पत्र, गैससहरुको विवरणलाई प्रकाशन गरेको देखिन्छ ।

६.३ सूचना शिक्षा र संचार

जिविसले आफूले सम्पादन गरेका तथा विषयगत कार्यालयहरुबाट सम्पादन गरेका क्रियाकलापहरु स्थानीय रेडियोबाट नियमित रुपमा रेडियो कार्यक्रम संचालन गरि सूचना प्रवाह गरिरहेको छ । साथै स्थानीय निकायबाट सम्पादित कामहरुको प्रशारण स्थानीय एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरिरहेको छ । सूचना प्रवाहबाट राष्ष्ट्रिय महत्वका गतिविधिहरुमा जनसहभागिता बढ्ने गरेको छ । स्थानीय पत्रकारहरुलाई कार्यक्रममा आमन्त्रण गर्ने र सूचना प्रवाह गर्ने गरिएको छ ।

## ७ मानव संसाधन, सम्बन्ध विस्तार

७.१ मानव संसाधन व्यवस्थापन

स्थानीय निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने केही मानवीय श्रोत छन् । जिविसले मानव संसाधन विकास इकाईको व्यवस्था गरेको छ ।

७.२ संबन्ध विस्तार

जिल्लामा लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरूबीच कार्यगत संयन्त्र (संजाल) बनेको छ । उक्त संजालले लैंगिक मूलप्रवाहीकरणका लागि समन्वयात्मक कार्य गर्ने गरेको छ ।

७.३ व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति

स्थानीय निकायले महिलाका सीप र आयवृद्धि गर्ने कार्यहरु र नेतृत्व क्षमता विकासका लागि गतिविधिहरु संचालन गर्ने गरेको छ । जिविसको कार्यालयबाट संचालन भएका कार्यक्रमहरुले लैंगिक तथा सामाजिक समावेशीकरण बढाउने खालका त्रियाकलापहरुमा जोड दिएको छ ।

## ८ नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

८.१ नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन

नेपाल सरकारका लैंगिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयनका लागि यथेष्ट प्रयास गर्न आवश्यक रहेको देखिन्छ ।

८.२ महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मूल पार्ने

महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाइएको छ । महिला हिंसा निर्मूल तर्फ जिविसले कार्यक्रमहरु तय गर्न आवश्यक देखिएको छ । महिला हिंसा विरुद्धको १६ दिने अभियानलाई प्रभावकारी बनाउन जिविसको कार्यालयले बजेट विनियोजन गरि कार्यान्वयन गरेको देखिन्छ ।

८.३ नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन

स्थानीय निकायले समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती हटाउन सचेतनामूलक गतिविधि तथा कार्यक्रमहरू संचालन गर्ने गरेको छ । आदिबासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू सोही वर्गहरूको सहभागितामा संचालन गर्ने गरिएको छ । महिला सहभागिता बढाउन तथा संयुक्त राष्ट्र संघ सुरक्षा परिषदबाट पारित प्रस्तावहरु १३२५ र १८२० को कार्यान्वयनका लागि थप बजेट विनियोजन गरि कार्यक्रम संचालन गर्न आवश्यक रहेको छ ।

## ३.७ लैंगिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

### १ स्थानीय निकायको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| १ नीति र योजनामा महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि रणनीति तयार भएको हुनेछ। | • रणनीति पत्र तयारी<br>• | फाल्गुण मसान्त सम्म | १०, ००० | फोकल पर्सन<br>जिल्ला परिषद |
| २ महिला पुरुष समविकासका लागि स्थानीय निकायले नियुक्त गरेका कर्मचारीहरूको संख्यामा महिला तथा पुरुष समानता अभिवृद्धि भएको हुनेछ। | • नयाँ कर्मचारी नियुक्तीमा विद्यमान कानुनी व्यवस्थालाई पालना। | निरन्तर | | जिल्ला परिषद |
| ३ लैङ्गिक तथा समावेशी संवेदनशील कार्य प्रणाली अबलम्बन गरिएको हुनेछ। | • महिला हिंसा नियन्त्रणको लागि आचारसंहिता निर्माण र सुनुवाई गर्ने अधिकारी तोक्ने।<br>• लैंगिक विकास कार्यान्वयन समिति गठन<br>• लैंगिक डेस्कका लागि बजेट विनियोजन | फाल्गुण मसान्त सम्म | ५००० | फोकल पर्सन<br>जिल्ला परिषद |

### २ स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूल प्रवाहीकरण

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| १ लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्यक्रममा महिलाको सहभागिता वृद्धि भएको हुनेछ। | • समुदाय स्तरमा संचालन गरिने तालिममा महिला सहभागिताको निश्चित प्रतिशत निर्धारण। | निरन्तर | | जिविस |

| | | | | |
|---|---|---|---|---|
| | • लैंगिक मैत्री शब्दावलीको प्रस्तूतीलाई निरन्तरता । | | | |
| २ क्षमता विकास कार्यक्रममा महिला पुरुष सहभागिता बढेको हुनेछ । | • क्षमता विकास तालिम<br>• पर्याप्त बजेटको विनियोजन | तेस्रो चौमासिक | २५०००० | कार्यान्वय समिति |

## ३ लक्षित कार्यक्रम

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| स्थानीय निकायले कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता वृद्धि भएको हुनेछ । | • बस्ती स्तरको योजना तर्जुमा<br>• योजनामा सहभागिताको खण्डिकृत विश्लेषण | माघ मसान्त । | | योजना शाखा<br>म जि स स |
| लक्षित कार्यक्रमहरु समुदाय लक्षित भएका हुनेछन् । | • योजनामा लक्षित समुदाय विशेष कार्यक्रमहरुको समावेश<br>• (स्वास्थ्य, शिक्षा, कानुनी शिक्षा, प्रजनन स्वास्थ्य) क्रियाकलापहरु स्वरोजगार, आयमूलक र सीप मूलक कार्यक्रमको आयोजना | फागुन मसान्त | २००००० | महिला जिल्ला समन्वय समिति |

## ४ लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार भएको हुनेछ । | • समुदाय तह लैंगिक तथा सामाजिक समावेशी अवस्थाको सूचना संकलन र अद्यावधिकता<br>• योजना तर्जुमा प्रक्रियामा लैंगिक समूहहरुको | **फागुन मसान्त** | **५००००** | **लैससास फोकल पर्सन** |

| | | | | |
|---|---|---|---|---|
| | अलग्गै छलफल | | | |
| योजना कार्यान्वयन लैससास मैत्री भएको हुनेछ | • कार्यान्वयनमा भएको सहभागिता विश्लेषण | **तेस्रो चौमासिक** | **३००००** | **क्षमता विकास इकाई** |
| अनुगमन र मूल्याङ्कन कार्य प्रभावकारी भएको हुनेछ । | • संयुक्त अनुगमन<br>• अनुगमन सूचक तयारी<br>• सफलताका कथाहरु प्रकाशन । | तेस्रो चौमासिक | ५०००० | सुपरिवेक्षण तथा अनुगमन समिति |

## ५ आन्तरिक संरचना

| **उद्देश्यहरु** | **क्रियाकलाप** | **समयावधि** | **बजेट** | **जिम्मेवारी** |
|---|---|---|---|---|
| समन्वय समितिहरुको सक्रियता बढेको हुनेछ । | • लक्षित समूह विकास कार्यक्रमको विशेष अनुगमन | त्रैमासिक | ५०००० | मससस |
| लैंगिक डेस्कको भूमिका बढेको हुनेछ । | • लैंगिक डेस्क विकास कार्यक्रम निर्माण र बजेट विनियोजन | **दोस्रो चौमासिक** | | **लैससास सम्पर्क व्यक्ति** |

## ६ सुशासन

| **उद्देश्यहरु** | **क्रियाकलाप** | **समयावधि** | **बजेट** | **जिम्मेवारी** |
|---|---|---|---|---|
| सार्वजनिक सुनुवाईले निरन्तरता पाएको हुनेछ । | • सार्वजनिक सुनुवाईमा लक्षित समूह तथा वालवालिकाको सहभागिताका लागि आमन्त्रण ।<br>• बजेटको सार्वजनिकीकरण | **चौमासिक रुपमा फागुन मसान्त** | **१ लाख** | **सामाजिक विकास शाखा** |

| | | | | |
|---|---|---|---|---|
| सूचना तथा अभिलेख केन्द्र कम्प्युटरमा आधारित हुनेछ । | • चौमासिक रुपमा सूचना अद्यावधिकता<br>• सूचना केन्द्र विकासका लागि बजेट विनियोजन | निरन्तर | **१०००००** | **परिषद र सूचना शाखा** |
| सूचना शिक्षा र संचारको माध्यमबाट लक्षित वर्गको चेतनामा वृद्धि भई विकासमा सहभागिता वृद्धि भएको हुनेछ । | • रेडियो, पत्रिका तथा अन्य माध्यमबाट सचेतना कार्यक्रम<br>• स्थानीय निकायबाट लैससास सम्बन्धी नियमित सूचना प्रवाह | निरन्तर | १००००० | सूचना शाखा |

## ७ मानव संसाधन, सम्बन्ध विस्तार

| **उद्देश्यहरु** | **क्रियाकलाप** | **समयावधि** | **बजेट** | **जिम्मेवारी** |
|---|---|---|---|---|
| कार्यगत संयन्त्रको भूमिकामा वृद्धि भएको हुनेछ । | • नियमित वैठक तथा समिक्षा<br>• क्षमता विकास तालिम | चौमासिक | ५०००० | फोकल पर्सन |
| लैससासको बिकासका लागि सम्वन्ध तथा साझेदारी वृद्धि भएको हुनेछ । | • वैदेशिक रोजगारीमा जाने महिलाका लागि क्षमता विकास कार्यक्रम<br>• स्रोत व्यक्तिहरु (महिला तथा पुरुष दुवै) को सूचीकरण तथा रोष्टर अद्यावधिक गर्ने । | तेस्रो चौमासिक<br>दोस्रो चौमासिक | २५०००<br>० | महिला जिल्ला समन्वय समिति<br>सूचना तथा सामाजिक शाखा |
| व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति सम्वन्धी गतिविधि संचालन भएको हुनेछ । | • लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि जिल्लाका अल्पकालीन ( वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयारी<br>• गग्रमीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार | फागुन मसान्त | ....<br>(विषयगत कार्यालयसँग समन्वय)<br>(विषयगत | फोकल पर्सन<br>योजना शाखा |

| | | | | |
|---|---|---|---|---|
| | • सरोकारवालालाई लैससास तालिम | असार मसान्त<br>असार मसान्त | कार्यालयसँग समन्वय) | मानव संसाधन विकास इकाई |

## ८ नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता

| उद्देश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन भएको हुनेछ । | • बेइजिंग घोषणा पत्रबारे अभिमुखिकरण<br>• बेइजिंग घोषणा पत्रमा उल्लेखित प्रतिवद्धताहरुको कार्यान्वयन | फागुन मसान्त | ५०००० | समन्वय समिति |
| जिल्लामा महिला विरुद्ध हुने सवै खाले हिंसा निर्मूल गर्ने अभियान संचालन भएको हुनेछ । | • लैंगिक हिंसा रहित गाविस तथा जिल्ला बनाउने प्रतिवद्धता पत्र जारी<br>• महिला हिंसा विरुद्ध १६ दिने अभियान संचालन | फागुन मसान्त<br>मंशिर मसान्त | ६०००० | समन्वय समिति |
| नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन भएको हुनेछ । | • वालमैत्री स्थानीय शासन कार्यान्वयनको रणनीति पत्र तयारी<br>• संयुक्त राष्ट्र संघ सुरक्षा परिषदबाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम तर्जुमा । | जेष्ठ मसान्त<br>फागुन मसान्त | २०००००<br>२५००० | सामाजिक विकास शाखा |